The Journal of Musikot Multiple Campus *Volume 3 Issue 1 June 2025*
*A Peer-Reviewed, Open-Access Multidisciplinary Journal*
ISSN 2976-1271 (Print)
Published by the Research Management Cell
Musikot Khalanga Multiple Campus, Musikot, West Rukum
(A Constituent Campus of Mid-West University)

# सिपाहीकी स्वास्नी कथामा अभिघात

भुपेन्द्र बि.सी.
एमफि तेस्रो सत्र, नेपाल खुला विश्वविद्यालय नेपाल

**लेखसार**

*प्रस्तुत अध्ययन कथाकार महेशविक्रम शाहको सिपाहीकी स्वास्नी कथामा रहेको मानसिक चोटको विश्लेषणमा आधारित छ । नेपालको दश बर्से द्वन्द्वकालीन समयको विषयवस्तुमा लेखिएको सिपाहीकी स्वास्नी कथा सङ्ग्रहभित्रको एउटा कथा सिपाहीकी स्वास्नी कथाभित्र युद्धले पारेका मानसिक आघातहरू प्रस्ट्याउन खोजिएको छ । युद्धले सिपाही स्वास्नी कथाका पात्रहरूमा परेका अभिघातहरूलाई देखाई युद्धले सिपाहीका परिवारजनमा पारेको चोट प्रस्तुत गर्नु यस लेखको उद्देश्य रहेको छ । प्रस्तुत अध्ययन अभिघात सिद्धान्तका आधारमा पाठपरक विश्लेषणमा आधारित छ । पाठको विश्लेषणका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । नेपालमा वि.सं. २०५२ देखि २०६२ सालसम्म सञ्चालन भएको दश बर्से द्वन्द्वका कारण सिपाहीका परिवार र आफन्तजन भयवित र त्रसित भएका छन् । युद्धले मानिसमा भय उत्पन्न गर्छ । त्यही भयका कारण युद्धमा होमिएका मानिसका आफन्तले मानसिक तनाव बेहोर्नु परेको छ । सिपाही दुर्गम स्थानमा सरुवा भई काम गर्दा उनको परिवारमा झनै कतिखेर के हुन्छ भन्ने आशङ्काले युद्धको त्रासदीयुक्त वातावरणलाई सिपाहीकी स्वास्नी कथाले देखाएको छ । युद्धका कारण सिपाहीका परिवारजनमा आशङ्का, तनाव, भय सिर्जना गरेको र उक्त भय सपनामा समेत देखा परेको अवस्थालाई प्रस्तुत गरिएको छ ।*

***मुख्य शब्दावली*** : अभिघात, द्वन्द्व, मानसिक तनाव, भयवित, युद्ध

## विषय प्रवेश

महेशविक्रम शाह द्वन्द्वकालीन समयका विषयलाई विषषवस्तु बनाएर कथा लेख्ने समसामयिक धारका कथाकार हुन् । उनको जन्म वि.सं. २०२२ साल भदौ २६ गते अछाम जिल्लामा भएको थियो । पेसाले उनी नेपाल प्रहरी हुन् । जागिरे जीवनसँगै आफूले देखे भोगेका युद्धकालीन घाउहरूलाई कथाका विषय बनाउँदै नेपाली कथाका क्षेत्रमा अब्बल कथाकारका रूपमा चिनिन सफल भएका छन् । उनका सटाहा (कथासङ्ग्रह, वि.सं. २०५३), सिपाहीकी स्वास्नी (कथासङ्ग्रह, वि.सं. २०५९), अफ्रिकन अमिगो (कथासङ्ग्रह, वि.सं. २०६०), छापामारको छोरो ( कथासङ्ग्रह, वि.सं. २०६३), काठमाडौंमा कामरेड (कथासङ्ग्रह, वि.सं. २०६५), ज्याक्सन हाइट (कथासङ्ग्रह, वि.सं. २०६९), भुइँखाट (कथासङ्ग्रह, वि.सं. २०७४) प्रकाशित कृतिहरू हुन् । उनको 'छापामारको छोरो' कथा सङ्ग्रहले वि.सं. २०६३ को मदन पुरस्कार जित्न सफल कृति हो ।

शाहका कथामा देशको आन्तरिक द्वन्द्व र अन्य द्वन्द्वका कारण विभिन्न वर्ग, समुदायकालमानिसले भोग्नुपरेका कठिन अवस्थालाई समेटिएको छ । उनको सिपाहीकी स्वास्नी कथा सङ्ग्रह वि.सं. २०५९ सालमा फाइप्रिन्ट प्रकाशनद्वारा प्रकाशित कृति हो । यस कृतिमा खुमा, झिमरुक खोला, कमारो, गोराबाबु, समय र चित्कार, जीवन एक कम्प्रोमाइज, गनाउने चामल, टिमोर टिमुर, सिपाहीकी स्वास्नी, निभेको गुलुप, एक जोर छलाको जुत्ता, बेड नं. ९९, फूलमतिको बोको, सुँगुरको पाठाको मृत्य, सन्त्रस्त मनहरू, काँडा फुल्ने बगैँचा, र

मोल गरी जम्मा १८ वटा कथाहरू सङ्गहृत छन् । यस कथा सङ्गहका कथाहरूमा देशको आन्तरिक द्वन्द्व, वर्गीय र जातीय थिचोमिचो, असन्तुष्टि, वैयक्तिक स्वार्थ आदिको चित्रण पाइन्छ ।

अभिघात विभिन्न कारणले मानिसको शरीरमा पर्ने शारीरिक र मानसिक चोट हो । शरीरका अङ्गहरू टुटु, दबेर भाँचिएर दिने चोटलाई शारीरिक अभिघात मानिन्छ भने प्राकृतिक वा मानव निर्मित घटनाका कारण हुन जाने मानसिक चोटलाई मनोवैज्ञानिक अभिघात भनिन्छ । प्राकृतिक विपत् र मानव निर्मित घटनालाई मनोवैज्ञानिक अभिघातकोल कारण मान्न सकिन्छ । साथै अभिघात शारीरिक घाउ र पीडाभन्दा पनि मानसिक अनुभूतिसँग निकट रहने भएकाले अभिघात मनोवैज्ञानिक विकारसँग बढी सम्बन्धित हुन्छ । सिपाहीकी स्वास्नी कथामा युद्धका कारण सिपाही स्वास्नीमा परेको पीडालाई खोतल्ने प्रयास गरिएको छ ।

वि.सं. २०५२ सालदेखि सुरु भएको सशस्त्र द्वन्द्वको कारण सिपाहीको परिवारमा भय र त्रासदीपूर्ण वातावरणमा बाँचिरहेको अवस्थालाई यस कथाले मुख्य विषय बनाएको छ । 'सिपाही स्वास्नी' कथा सङ्गह (विसं २०५९) मा सङ्गहृत यो कथा द्वन्द्वकालीन समयमा एउटा सिपाहीकी स्वास्नी र उसका परिवारले भोगेको मानसिक चोटलाई आधार बनाएर लेखिएको कथा हो । कतिपय सिपाहीहरू देशको रक्षाका लागि विकट अनि युद्ध दृष्टिले उच्च जोखिम भएका स्थानमा खटिएका छन् । अन्य ठाउँमा भएका युद्ध अनि भिडन्तका घटनालाई सम्झेर कति खेर के हुन्छ भन्न नसकिने अवस्थामा उनीहरूका परिवारजनमा मानसिक चोट परेको छ । विद्रोही र सरकारी सैन्यबलका बिचको युद्धले सिपाहीको परिवार र आफन्तहरूमा पारेको मानसिक पीडा एवम् द्वन्द्वले निम्त्याएको भयवित एवम् आतङ्कित जीवन जिउन बाध्य भएका नेपालीहरूको अवस्था प्रस्तुत गरिएको छ । यस कथामा कथाकारले युद्धका कारण सन्त्रस्त सिपाही परिवारको अवस्था देखाएका छन् । कथाकारले कमलीलाई प्रमुख पात्रका रूपमा उपस्थित गराई समग्र युद्धमा होमिएका सिपाहीका स्वास्नीको प्रतिनिधि पात्रका रूपमा उपस्थित गराएका छन् । प्रस्तुत कथा नेपालको दश बर्से युद्धले सिपाहीका परिवारजनमा निम्याएको दुःख र पीडासँग सम्बन्धित छ । यस कथालाई अभिघात सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ ।

## समस्या तथा उद्देश्य

समकालीन कथाकारका रूपमा परिचित महेशविक्रम शाह दश बर्से द्वन्द्वकालीन समयका प्रत्यक्षदर्शी हुन् । उनले द्वन्द्वका विभिन्न घटनालाई कथाका रूपमा चित्रण गरेका छन् । शान्तिमाया गिरीले सिपाहीको स्वास्नी कथालाई आफ्नो पुस्तक ‘आधुनिक नेपाली कथामा अभिघात’मा द्वन्द्वशील पक्षप्रति निरपेक्ष रही द्वन्द्व पीडितप्रति सहानुभूति राखी लेखिका कथाका रूपमा सूचीकृत गरेकी छिन् (गिरी, २०७५) । सिपाहीकी स्वास्नी कथा द्वन्द्वका घटनामा आधारित विषयवस्तु भएको कथा हो । प्रस्तुत अध्ययन द्वन्द्वका कारण सिपाहीका परिवारजनमा के कस्तो आघात परेको छ ? भन्ने जिज्ञासामा आधारित छ । अभिघात सिद्धान्तका आधारमा सिपाहीकी स्वास्नी कथाको कला तथा सौन्दर्य पक्षको खोजी गरिएको छ । प्रस्तुत अध्ययन अभिघात सिद्धान्तका आधारमा कथाको सौन्दर्य पक्षको खोजी गर्ने उद्देश्यले तयार पारिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा गुणात्मक अनुसन्धानमा आधारित पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । प्राथमिक स्रोतको सामग्रीका रूपमा कथाकार महेशविक्रम शाहको सिपाहीकी स्वास्नी कथामा भएको अभिघातीय मनोदशा र द्वितीयक सामग्रीका रूपमा मनोविज्ञान र अभिघातसँग सम्बन्धित समालोचना, लेख, पुस्तक आदिलाई सामग्रीलाई लिइएको छ । सामग्री खोजका क्रममा अनलाइनमा आधारित रही खोज र अध्ययन गरिएको छ । नेपालमा वि.सं. २०५२ देखि २०६२ सम्म चलेको दश बर्से द्वन्द्वका कारण एउटा सिपाहीकी स्वास्नी र उनीहरूको परिवारजनले भोग्नुपरेको पीडा, तनाव र त्रासलाई अभिघातका रूपमा लिइएको छ । अभिघात सिद्धान्तका आधारमा नै कथालाई विश्लेषण गरिएको हुनाले प्रस्तुत अध्ययन पाठगत विश्लेषणमा आधारित छ । नेपालको दश बर्से युद्धका क्रममा सशस्त्र विद्रोही (माओवादी) र सरकारी सैन्यबलका बिच भएको द्वन्द्वका कारण मानसिक पीडा, सन्त्रास, भयग्रस्त

अनुभूतिहरू भोगेका मानिसहरूका यावत अवस्थाका आधारमा प्रस्तुत कथाको विश्लेषण गरिएको छ ।

## अभिघातको सैद्धान्तिक पर्याधार

'अभिघात' तत्सम शब्द हो । यसको अर्थ वृहत् नेपाली शब्दकोशले  काटमार, प्रहार, आघात र दुई पक्षबिचको द्वन्द्वमा तेस्रो पक्ष पीडित भएको अवस्थालाई जनाएको छ । 'अभिघात' अङ्रेजी भाषाको 'ट्रमा' शब्दको समानार्थी शब्द हो । 'ट्रमा' शब्दले कसैको अप्रत्याशित हिंसा या मृत्यबाट मानसिक अवस्थाको पर्ने टकरावलाई जनाउँछ । यस्ता घटनाले मानिसलाई पहिले के कुरामा विश्वास वा जानकारी थियो र अहिले के भइरहेको छ वा के जान्दछ भनेने विषयले उसको मानसिकतालाई विभाजन गरी मानिसलाई भयवित र विचलित बनाउँछन् । मृत्यु वा हिंसाजन्य दर्दनाक घटनाबाट  प्राचीन ग्रिसेली भाषाको शब्द ट्रमाले घाउ, क्षति वा पराजयलाई जस्ता सामान्य चोटपटक बुझाए पनि उन्नाइसौँ शताब्दीमा आउँदा मानसिक चोटको अर्थमा प्रयोग हुन थालेको पाइन्छ (ढकाल, २०७९) ।

विभिन्न द्वन्द्व, युद्ध, अभाव कारण सिर्जित मानसिक घात नै अभिघात हो । मानिसका मनमा उत्पन्न हुने त्रासका कारण सिर्जित समस्या हो अभिघात । मानिसको शरीरमा दुःख, कष्ट, सङ्कट उत्पन्न गर्ने नकारात्मक घटना, दुर्घटना, चोट र जीवन समाप्त पार्ने जस्ता घातक रोगका कारणबाट सिर्जना हुने दैहिक अनुभूतिबाट प्राप्त हुने मानसिक चोट अभिघात हो (गिरी,२०७५: पृ. २९) । शारीरिक क्षतिबाट सजिलै स्वस्थ हुन सकिने तर मानसिक चोटबाट निको हुन समय लाग्न सक्छ । मनोवैज्ञानिकहरूका अनुसार महामारी, सुनामी, अतिवृष्टि जस्ता प्राकृतिक र द्वन्द्व, धोका, यौन, कुलत, दीर्घ रोग जस्ता मानव निर्मित कारणले अभिघात उत्पन्न हुने जनाएका छन् । वर्तमान समयमा पाश्चात्य साहित्यको समालोचनाको उत्तरआधुनिक समलोचन पद्धतिका रूपमा प्रयोग हुँदै आइरहेको छ । युद्ध र द्वन्द्वले पार्ने प्रभाव वा तिनले समाजमा छाड्ने छाप नै अभिघात हो (भट्टराई, २०७८) । युद्ध र द्वन्द्वको सम्बन्ध अभिघातसँग रहन्छ तर युद्ध र द्वन्द्व नै अभिघात भने होइन । अभिघात शारीरिक र मानसिक दुवै हुन्छ । साहित्यका क्षेत्रमा भने मानसिक अभिघातलाई बढी महत्त्व दिइएको छ । शारीरिक आघात बाह्य साधन वा शस्त्रका कारण हुन्छ भने मानसिक आघात तिनै शारीरिक चोट वा अन्य विविध समस्याका कारण निम्तिएका अनुभूतिका कारणले हुन्छ (न्यौपाने, २०२१) ।

कुनै परिबन्द वा अप्रत्याशित रूपमा दुर्घटना भई शारीरिक अङ्गको क्षतिबाट उत्पन्न तनावबाट मनका स्नायुहरू विकृत भएर अभिघात सिर्जना हुन्छ र यस्तो अवस्थामा स्वर-हानि, स्मृतिलोप, पक्षघात जस्ता रोगहरू देखापर्छन् । यसबाट मानिसको मानसिक अवस्था विघठित भई व्यक्ति आक्रामक वा अपराधी पनि बन्न सक्छ ( पोखेल, २०२२) । मानिसमा मानसिक रूपमा पर्ने आघात मानव इतिहासको सुरुदेखि नै भएको पाइन्छ । यसको विश्लेषण गर्ने काम भने मनोविज्ञानले गर्छ । फ्रायडले मनको विश्लेषण गरे । यसलाई साहित्य विश्लेषणको आधार बनाउने कार्य भने बिसौँ शताब्दीको अन्तिम दशकतिर भएको हो (भट्टराई, २०७८) । मानिसमा बाँच्ने इच्छा मरेर गयो भने उसले मृत्युवरण गर्छ भने उसमा मानसिक आघात छ भन्ने बुझिन्छ । यसको निरुपणका लागि मृत्युको प्रवृत्ति त्यागेर जीवनमूल प्रवृतिको विकास गर्नुपर्छ भन्ने फ्रायडको भनाइलाई आधार बनाएर जेफ्रि हर्टम्यान, केथी कारुथ, सोसना फेलमेनले अभिघातलाई सिद्धान्तका रूपमा विकास गरेका हुन् (ढुङ्गाना, २०२१) । साहित्यसँग मनोविज्ञानले निकट सम्बन्ध राख्ने कारण भनेको भाषापरक नव मनोविश्लेषण सिद्धान्त हो (पोखेल, २०२२) ।

दोस्रो विश्वयुद्ध विश्वयुद्धले निम्त्याएको त्रासदीपूर्ण अवस्था र त्यसपछिको शक्तिशाली राष्ट्रहरूले शक्ति प्रदर्शनका लागि गर्ने आणविक अस्त्रको होडबाजीले मानिसमा त्रास थप्दै गयो । साहित्य समाजको ऐना हो भनेझैँ त्यतिबेलाको युद्ध र अस्त्र होडबाजीले निम्त्यएका कठिनाईहरू साहित्यमा सम्मितलित भएको पाइन्छ । मध्यपूर्वमा भएको लामो युद्ध, भियतनाम र अमेरिकाको युद्ध, सोभियत रुसको घटनापछि त्यहाँका विखण्डित राष्ट्रहरुमा भएको भीषण द्वन्द्व, पेरू, रूवान्डा र इथियोपियामा भएको युद्ध, इराक, इरान, अफगानिस्तान, सिरिया आदि देशहरुमा

भएका सशस्त्र सङ्घर्षहरु, काश्मीरलाई लिएर भएका भारत र पाकिस्तानबीचको द्वन्द्व, श्रीलङ्काको विद्रोह र हिंसा, तिब्बतको विद्रोह र हिंसा, भारतको झारखण्डमा भइरहेको विद्रोह र हिंसा, गोर्खाल्यान्डका निम्ति गरिएको विद्रोह र हिंसा, नेपालको २०५२ सालदेखि २०६२ सम्म भएको सशस्त्र द्वन्द्वले छेडेका भयावह परिवेशले अभिघातको स्थिति सृजना गरेको छ (भट्टराई, २०७७) । अभिघातका प्रकारका बारेमा विद्वानहरूमा एकमत पाँइदैन तथापि अभिघात सिर्जना गर्ने कारक तत्त्वका आधारमा राष्ट्रिय अभिघात, अन्तराष्ट्रिय अभिघात, वैयक्तिक अभिघात, सामाजिक अभिघात, मनोवैज्ञानिक अभिघात, प्राकृतिक अभिघात, प्राकृतिक अभिघात, लैङ्गिक अभिघात, पुनरावृत्त अभिघात जस्ता अभिघातहरू हुन्छन् (गिरी, २०७५) । अभिघात सिर्जना गराउने प्राकृतिक र मानवनिर्मित स्रोतहरू हुन्छन् । प्रकृतिका विभिन्न प्रक्रियाबाट उत्पन्न हुने हुने प्रमुख घटनाहरू अभिघातका प्राकृतिक स्रोतहरू हुन भने मानिसका धम्की, शक्तिको दुरुपयोग, हत्या, हिंसा, बेचबिखन, आगलागी, सवारी दुर्घटना, आक्रमण, बलात्कार, युद्ध, द्वन्द्व, हमला, दीर्घरोग, धोका, अपराध आदि मानवनिर्मित आघातका स्रोत हुन् । यिनै कारणमा मानिसमा शारीरिक तथा मानसिक आघात उत्पन्न हुने गर्छ ।

नेपालमा २०४६ सालको आन्दोलनपश्चात धेरै आन्दोलनहरू भए । त्यसमा पनि २०५२ देखि ६२ सम्मको गृहयुद्धले समाजलाई धेरै सन्त्रासमय बनायो । मानिसहरू जीवन निर्वाहका लागि गर्ने काम पनि सशङ्कित भएर गर्नुपर्ने अवस्था सिर्जना भएको थियो । प्रत्यक्ष युद्धमा होमिएका मानिसका आफन्तहरू झनै भयवित थिए । युद्धमा लागेका मानिसहरू मात्र नभई समाजका सबै मानिसहरूमा एक प्रकारको आतङ्क नै थियो । भौतिक आक्रमण, अपहरण, हत्या, बम विस्फोट, हवाइ आक्रमण, बेपत्ता, लुटपाटका कारण मानिसहरू भयवित भइरहेका थिए । युद्धका यस्ता सन्त्रासयुक्त विषयहरू साहित्यमा उतारिए । यस्ता साहित्यलाई अभिघात सिद्धान्तका आधारमा अध्ययन गर्न थालियो । युद्धका कारण अभिघात सिर्जना हुन्छ । युद्धले निम्त्याएको विनाशबाट प्रभावित मानिसका मनस्थितिसँगै त्यसले समाजका अनेक पक्षमा पार्ने चोटका विषयमा युद्ध अभिघात केन्द्रित रहेको हुन्छ (ढकाल, २०२३) । नेपालको दश बर्से युद्धले युद्धमा सहभागी भएका सिपाहीका आफन्तहरूमा पुऱ्याएको चोटलाई अभिघातका रूपमा लिन सकिन्छ ।

## सिपाहीको स्वास्नी कथामा अभिघात

महेशविक्रम शाह द्वन्द्वकालीन समयका विषयवस्तुलाई आधार बनाएर कथा लेख्ने कथाकार हुन् । कमली यस कथाकी मुख्य पात्र हुन् । उनको श्रीमान सिपाही छन् । शान्ति स्थापनाका लाग सरकारी पक्षबाट दश बर्से युद्धको समयमा उनी जाजरकोटमा खटिएका छन् । कमलीको छ वर्षको छोरो रोहित र दुई वर्षकी छोरी रानु छिन् । उनीहरू डेरामा बसेका छन् । युद्धकै कारण उनीहरूको परिवार सँगै बस्न पनि पाएको छैन । युद्धका दृष्टिले अत्यन्त जोखिम मानिएको जाजरकोटमा कमलीका श्रीमान् कार्यरत हुँदा उनी र उनका आफन्तहरू चिन्तित छन् ।माओवादी र सरकार पक्षबिच युद्धको उच्च जोखिम भएका रोल्पा, जाजरकोट जस्ता स्थानमा खटिएका सिपाहीहरूका परिवारमा युद्धको सन्त्रासलाई यस कथाले विषय बनाएको छ । दश बर्से युद्धको थालनी भएको रोल्पामा प्रहरी शिविरमा भएको माओवादी आक्रमणको समाचारले यस कथाकी पात्र कमलीलाई झन त्रसित बनाएको छ ।

देशको शान्ति सुरक्षाका लागि लड्ने योद्धाको परिवारको आर्थिक अवस्थालाई पनि यस कथामा देखाइएको छ । मान्छेलाई चोट अर्थात अभिघात हुने एउटा आधार आर्थिक रूपमा अभाव हुनु पनि हो । एउटा देशभक्त सिपाहीको परिवार राम्ररी चल्न नसकेको, एउटा सिपाहीको तलबले जिविकोपार्जन सजिलै हुन नसकेको कुरा लुङ्गीको पर्दाको प्रसङ्गले देखाउँछ । कमली आफू युद्धमा प्रत्यक्ष संलग्न नभए तापनि उनलाई आफ्नो श्रीमान्लाई हुन सक्ने सम्भावित घटनाका कारणले मनमा असिमित भय र त्रासहरू निर्मित भएका छन् । त्यसैको कारण कमलीको मनमा आपराधिक क्रियाकलापका अंशहरू रहिरहेको र आर्थिक अभावले सताएको कुरा रोहित उठ्दा उसको खुट्टाले सिरकको खोल च्यातिएको यस प्रसङ्गबाट प्रस्ट हुन्छ : "सत्यानास पारिसकिस् तैंले यो सिरक । यो हिउँदमास काट्न पनि मुस्किल छ यो सिरकले, त्यसमाथि पनि तेरा यी अपराधी खुट्टाहरू" ।

आफ्नो श्रीमान शान्तिका लागि ड्युटिमा खटिएको समयमा देशका विभिन्न भूभागमा झडप तथा सिपाही र बिद्रोहीका बिच लडाइँ चलिरहेको हुन्छ । यस्तो लडाइँ जहाँ चले पनि कमलीको मनमा हरपल त्रास उत्पन्न भइरहेको हुन्छ । त्यसैमाथि साना छोराछोरीले बुवा कहिले फर्कनुहुन्छ भन्ने प्रश्नले कमलीलाई झनै सताएको छ । यहाँ कमली मात्र होइन उसको छोरो रोहित पनि छिमेकी तथा पसलेको अभिव्यक्तिहरूबाट त्रसित छ । बुवा घर आवागमनलाई उसले सुरक्षित मानेर कहिले फर्कनु हुन्छ भन्ने प्रश्न गरिरहेको छ । युद्धले सत्रस्त परिवारमा छिमेकीहरूले पनि बालबालिकामा थप सन्त्रास फैलाइरहेका छन् । रोहितलाई पसलेले सोधेको यो कुराबाट उसमा आघात पुगेको देखिन्छ : *"त्यो दूध पसलेले हिजो भन्दैथ्यो कि हाम्रा बा बसेको ठाउँमा लडाइँ चलिरहेको छ रे । तिम्रा बाबाको के छ हालखबर ? जिउँदै त छ ?"*

पसलेले यस्ता अभिव्यक्ति दोहोऱ्याउँदा रोहितमा एकातिर बुवालाई केही होला भन्ने डरले आतङ्कित बनेको छ भने अर्कातिर प्रतिशोधी बन्दै गएको । त्यसै आतङ्कित मनस्थितिका कारण ऊ आफू भविष्यमा बुवा जस्तै प्रहरी बनेर दुस्मनलाई मार्ने प्रतिशोध उसको मनमा उब्जिन्छ । छोराले आफू पनि सिपाही भएर दुस्मनलाई मार्छु भनेर मुखबाट निकालेको ड्वाङ ड्वाङको आवाज सुन्दा आफ्ना कानहरू बन्द गर्दै छोराको प्रतिशोधको भावना नियाली रहेकी हुन्छिन् । यौवनको सुखी अवस्थामा पनि श्रीमान् सिपाही भएकै कारण रातोदिन चिन्तामा पिल्सिनु परेको र छोराको भविष्यप्रतिको चाहनाले थप चिन्तित बनाएको छ । वरपरका मानिसहरूको व्यवहार तथा वातावरणले पनि बालबालिकाको मनस्थिति र जीवनलाई प्रत्यक्ष प्रभाव पार्ने कुरामा सचेत नहुँदा यसले बालबालिकाको भविष्यमा असर पार्ने कुरामा छिमेकीहरू सचेत भएको देखिदैंन । श्रीमान्को चिन्ताबाट आफू पिल्सनु परेता पनि बुढेसकालामा यस्तो मानसिक पीडाबाट बच्न छोरालाई सिपाही हुन नदिने निर्णय गर्छिन् । आफू प्रहरी बन्छु भन्ने कुरामा आमा सहमत नहुँदा आफू दूध लिन नजाने ढिपी कसेको छोरालाई सान्त्वनाका लागि हुन्छ त भन्छिन् तर त्यस कुराप्रति चिन्ता व्यक्त गरेकी छिन् : *"यौवन छँदा लोग्नेको चिन्ताले रातदिन पिल्सिएकी छु । बुढसकालमा फेरि छोराको पिरलोले छियाछिया हुने भएँ त म । अहँ हुन्न, मेरो छोरो सिपाही हुन्न, कदापि दिन्न ।"*

छिमेकी तथा टोलबासीहरूले आफूप्रति गरिने व्यवहारमा परिवर्तन भएको र उनीहरूको हेराइमा आश्चर्य, कौतुकता, जिज्ञासा र सहानुभूति भेटेकी हुन्छिन् । यस्ता आश्चर्य, कौतुकहल, जिज्ञासा र सहानुभूतिप्रति कमलीको भिन्न विचार छ । लोग्ने रणभूमिमा युद्धरत भएको अवस्थामा कस्तो पीडा सहेर बाँचेकी छ भन्ने आश्चर्य, युद्धले जीवन कस्तो बनाउँछ भन्ने कौतुकता र जिउनुको सार्थकताप्रतिको जिज्ञासा अनि लोग्ने युद्धमा हुँदाको सहानुभूतिका भावहरू वरपरका मान्छेहरूका आँखाहरूबाट अभिव्यक्त कमलीको ठहर छ । आफूलाई त्यस्ता सहानुभूति आवश्यक नभएको बरू त्यस्तो सहानुभूति बाँचेर पनि मरेतुल्य भएका लोग्नेका श्रीमान्का लागि आवश्यक छ भन्ने झोक व्यक्त गर्छिन् । वरपरका मानिसहरूको बोली, व्यवहार र हेराइले पनि कमलीलाई झन आतङ्कित बनाइरहेका छन् । आफ्नो यौवनमा श्रीमान्सँग छुट्टिएर बस्नुपर्दा कमलीमा शारीरिक सुख सुविधा तथा आनन्दलाई जनाउने फ्रायडको इरोस प्रवृत्ति पनि सक्रिए भएको पाइन्छ ।

भन्सार मुखियाकी श्रीमती रमिलासँगको भेटमा यस्तै व्यवहारका कारण कमलीको जीउनै सिरिङग भएर काँडा उठ्नुले पनि अभिघातका लक्षण देखा पर्छन् । साथै रमिलाले "तपाईंका लोग्नेको सम्चार के च नि ? त्यहाँ निकै खतरा छ भन्छन् ।" यस भनाइले कमलीको गला अवरुद्ध हुन्छन् । भोक-प्यासले निन्याउरो भएर जङ्गल चहारी रहेको श्रीमान्को अनुहार सम्झिन्छन् र उहाँ छिट्टै फकर्ने कुरा गरेर आफूलाई सामान्य देखाउने प्रयत्न गर्छिन् । रमिलासँगको कुराले उनको मनभित्रको आशङ्का र भयलाई अझ बढाइरहेको देखिन्छ ।

देश सबैको साझा हो । यही देशका सरकारी नुन खाने मान्छेहरूमा भने भिन्नता छ । कोही स्वास्नी र छोराछोरीलाई अलपत्र पारेर देश र जनताका लागि भनेर लड्नुपर्ने त कोही तिनै पीडायुक्त दिनमा पनि हाँसोका खित्कासँग बाँचिरहेका छन् । यस्तो भिन्नताप्रति कमली आक्रोश व्यक्त गर्छिन् । आफ्नो श्रीमान् त्यहाँबाट फर्के पनि अर्को मानिस त्यहाँ जानुपर्ने र तिनका परिवारले पनि त्यस्तै आघात भोग्नुपर्ने कमलीको भनाइप्रति सुन्तलीले दुनियाँको चिन्ता गर्नुको सट्टा आफ्नो भलो सोच्नुपर्ने विचार राख्छिन् । सुन्तलीले मन्त्रीलाई भनेर सरुवा गराइदिन्छु

भनेको सुन्दा उनी अलिकति देशभन्दा पनि शरीरको रक्षा हुने काम यो पनि सही हो कि भन्ने सोचमा पनि पर्छिन् । राष्ट्र सबैको साझा भए पनि राज्यका सबै मानिसहरूमा देश भक्तिको भावना नभएको बरू स्वार्थी भावनाले ग्रसित मानिसका प्रवृत्तिका कारण अरूले पनि पीडा पाइरहेको अवस्था देखाइएको छ । धनका लागि बिदेसिएका लोग्नेहरूका श्रीमतीहरूको खुवाइपियाइको अवस्था र विचारले कमलीलाई भ्रमित बनाइदिन्छ ।

कमली सलाई किन्न जाँदा पनि कसैले देख्छ कि भनेर डराउनुपर्ने अवस्थामा छिन् । मानिसका जिज्ञासा, उनीहरूसँगको संवाद आदिले उनलाई थप पीडा दिने भएकाले उनी कसैले नदेखोस् भन्ने चाहन्छिन् । यो अवस्था कमलीको मानसिक अभिघात हो । द्वन्द्वका कारण सिपाहीका परिवार आतङ्कित भएका छन् ।  आमुबुवा भेट्न आउँदा खिन्न भएर पनि उनी बुवाआमाको घाउमा नुनचुक छर्न चाहान्नन् । मन बलियो बनाएर आफू समालिएको जस्तो गर्छिन् र मेरा श्रीमान देशका लागि लड्न जानु भएको छ भनेर उहाँहरूलाई सम्झाउँछिन् ।

गाउँले, छिमेकी, बुवाआमा, छोराछोरीका सामु दृढ बन्ने कोसिस त गर्छिन् तर उनी कतिबेला के हुने हो भन्ने विषयमा त्रसित भई रहन्छिन् । दैनिक जसो पत्रिका लिएर आउने लुखुरेले ल्याउने खबरहरूसँग उनी डराइरहेकी हुन्छिन् । भर्खर रोल्पामा भएको भिडन्तको खबरले उनी मर्माहित छिन् । किन यस्तो भइरहेको छ ? भन्ने विषयमा चिन्तित पनि छिन् । उता युद्धका दृष्टिले कठिन अनि खतरायुक्त अवस्थामा आफू रहेको कुरा कमलीका सिपाहीले कमलीलाई फोनमार्फत जानकारी पनि गराएका छन् ।

लिखुरेले  पत्रिका बेच्ने केटो हो । उसले हरेक दिन पत्रिकासँग पीडादायी अनि सनसनीपूर्ण समाचार लिएर आएको हुन्छ । "रोल्पामा बम बिस्फोटन, थुप्रै मान्छे हताहत ", "विद्रोहीहरूले फेरि रोल्पामा सुरक्षा फौजको खडामाथि आक्रमण गरेछन् " जस्ता बोली सुनेर कमलीका काम गर्दै गरेका हातहरू रोकिन्छन् । चिया पसलमा बसेका मानिसहरूले देशका अन्य स्थानमा पनि यस्ता घटना हुने, एउटै घरका सबै सदस्यहरू एकै चिहान हुने, सिपाहीलाई बन्धक बनाएका समाचारहरू सुनाउँछ । त्यसैमा कोही बिदेसिने, कोही भविष्यमा जनताका हातमा हतियार आउँदा हुन सक्ने दुष्परिणाम तथा देशको चिन्ताका बारेमा कुरा गर्छन् । यस्ता कुराले कमलीलाई झन पिडा दिइरहेको छ । रोल्पाको घटनासँग सम्बन्धित समाचार र पसलमा बसेका मानिसहरूको कुराकानीले कमलीलाई झन विक्षप्त बनाउँदै लगेको छ । समाचार पढेपछि चिया पसल ग्राहकहरूको रोल्पा घटनासँगै गरेका युद्धले निम्त्याउने असरको बोधपश्चात जाजरकोटमा पनि यो घट्न सक्ने आशङ्काले कमलीमा यसरी त्रासदी छाएको देखिन्छ : "उनको सम्पूर्ण शरीरमा त्रासदीको कम्पन छाउँछ । उनको मुटु जोडजोडले धड्किन थाल्छ । यो घटना जाजरकोटमा घटित भएको भए जहाँ मेरो लोग्ने छ, जहाँ हाम्रो सम्पूर्ण आशा, भरोसा र जीवनको धुकधुकी छ ?"

युद्धका समाचार र मानिसहरूका छलफल अनि कुराकानीले  कमली र उनको परिवारमा चोट पुऱ्याइरहेको छ । पत्रिकाको विषयलाई लिएर युद्धजन्य बहसले पनि कथाका पात्रहरूको डरलाई थप बल पुऱ्याइरहेको छ । रोहित र रोनु जस्ता थुप्रै बालबालिका टुहुरा भएका दृश्य सम्झेर कमलीको आँखाबाट आसुँ बहेका छन् । आफ्नो श्रीमान् भएको ठाउँमा पनि यस्तै युद्ध भयो भने त्यसपछिको अवस्थाले उनको मनलाई दबाव दिइरहेको छ । कमली मात्र होइन युद्धमा होमिएका सबै सिपाहीका परिवारमा पनि त्रास फैलाइ रहेको कुरा कमलीले युद्धमा परेका अन्य मानिसहरूका परिवारलाई समझेर रोएको प्रसङगबाट थाहा हुन्छ । कमलीको रुवाइप्रति रोहनको हाम्रा बाबालाई के भयो आमा भन्ने प्रश्नप्रतिको उत्तरले सबै आतङ्कित भएको देखाउँछ, यसको कारण भने युद्धको आतङ्क हो, जस्तै : "तिम्रो बाबालाई केही भएको छैन मेरो बाबु, तर तिमीजस्तै अरू रोहित भने टुहुरा भएका छन् आज ... । यत्ति भन्दै उनी झ्याल बन्द गर्छिन् मानौं उनी अब आतङ्कका समाचारबाट भाग्न चाहन्छिन् ।"

रोल्पाको घटनाको विषयलाई लिएर कमलीका बुवाआमा पनि कमलीलाई सान्त्वना दिन आएका छन् । उनीहरू पनि ज्वाइँको र छोरीको चिन्तामा उनीहरू पनि छन् । युद्धले युद्धमा होमिएका परिवारलाई मात्र होइन कि

आफन्त र इष्टमित्रलाई पनि चिन्तित बनाएको छ भन्ने कुरा तलको भनाइबाट प्रस्ट हुन्छ :

"ज्वाँइको हालखबर क छ नि छोरी ? हिजो राति रोल्पामा घटना घटेको छ । थुप्रै मान्छे मरे भन्छन् । यो बुढेसकालमा हामी बुढाबुढी त ज्वाँइ र छोरीको चिन्तैचिन्ताले मर्ने भयौँ, छोरी ।"

कमली बुवा आमासामु आफ्ना मनका उद्वेलित भावहरूलाई मनभित्रै सीमाङ्कन गर्ने असफल प्रयास गर्छिन् । उनीहरू हिँडिसेकपछि भने छोराछोरीलाई काखमा च्यापेर बलिन्द्र धारा आँसु झार्छिन् । आफन्तसँग पीडा लुकाउँदै अन्तर हृदयमा वेदनाहरू राखेर कमली र उनको परिवार बाँचेको छ । उनी आफ्नै मनभित्र अनगिन्ती आघातसँग जुधिरहेकी छिन् । युद्धले प्रत्यक्ष चोट नपुऱ्याए पनि उनीहरूको मानसिक अवस्थामा भने गम्भीर प्रभाव पारेको देखिन्छ । कमली त झनै मानसिक रूपमा पीडित नहुने कुरै भएन । कमलीले सासु ससुराले पठाएको पत्र पाइन् । रोहितका आमाबुवा पनि छोराको चिन्ताले गलेको पत्रमा उल्लेख छ । उक्त पत्रमा छोराको खबर के छ भनेर कमलीमाथि नै प्रश्न गरिएको छ । पत्रमा कुनै हाँसो, खुसी भन्दा पनि सासु ससुराको वेदाना, पीडा, आतङ्क र त्रासका अक्षरहरू प्रतिध्वनित भइरहेका थिए । यस कुराबाट कमली र उसका छोराछोरी मात्र होइन, सम्पूर्ण परिवार र आफन्तहरूनै युद्धबाट भयवित भइरहेको देखाउँछ । सधै जस्तै लिखुरेले यस्तो समाचार लिएर आउँछ : *"विद्रोहीले जाजरकोटमा सिपाहीको अखडामाथि हमला, अब देशमा के होला ? दुवैतर्फ हताहत, पत्रिका किनेर पढ्नुस् पटाफट ।"*

नजिकै चिया पसलमा बसेका मानिसहरूले यो समााचार पढेर रोहितका बाबुको नाम युद्धमा मारिनेहरूको सूचीमा खोजिरहेको दृश्यले प्रताडित कमली एक्कासी सपनाबाट बुँझिन्छिन् । युद्धले निम्त्याएका अभिघातहरु सपनामा समेत प्रकट हुन थालेका छन् । बाहिर पसलतिर हेर्दा त्यस्तो कुनै समाचार नभएको देखेपछि कमली यस्ता घटना वास्तविकतामा नहोस् भन्ने कामनासमेत गर्छिन् । जाजरकोटमा भएको हमला र पसलमा भएको छलफललाई सपनामा देखेपछि कमलीको अवस्थालाई कथाकारले यसरी प्रस्तुत गरेका छन् : *"नाँइ । कमली जोडले चिच्याउँछिन् । उनी पसिनाले निथ्रुक्क भिजेकी हुन्छिन् फोक्सो र मुटुको गति असामान्य छ ।"* झल्यास्स ब्युँझिदा उनी यो सपना भएको र यो कुरा विपनामा नहोस भन्ने चाहन्छिन् । आफ्नो श्रीमान्को तस्वीर काखीमा च्यापेर भक्कानो छोडेर रुन्छिन् ।"

देशको रक्षाका लागि युद्धमा लागेको आफ्ना श्रीमान्हरूको पिरले सिपाहीका श्रीमतीहरू प्रताडित छन् । सपनामा पनि आफ्नो पतिले भोगेकै नियतीलाई कथामा देखाइएको छ । कमलीले देखेको जाजरकोट युद्धको डरलाग्दो सपना अनि त्यसबाट सिर्जित प्रताडना स्वरूप निस्किएका करुण क्रन्दनले बालबालिकाको निद्रा पनि खल्बल्याइदिन्छ । आमाको चिच्याहटमा रोहितले प्रश्न गर्छ : "हाम्रो बाबालाई के भयो आमा ?" यस प्रश्नले रोहितको मनमा बुवालाई केही भयो कि भन्ने आशङ्का रहेको देखिन्छ । सिपाहीका आफन्तजनहरू प्रत्यक्ष युद्धमा होमिएका त छैनन् तर तिनीहरू कति बेला अशुभ समाचार सुन्नु पर्छ भन्ने डरको वातावरणमा बाँच्न विवश छन् ।

विद्रोही र सत्ता पक्षबिचको द्वन्द्वका कारण सिपाही र उनको परिवार अनि आफन्त जनमा त्यही युद्धका कारण भय सिर्जना भएको देखाइएको छ । विभिन्न आक्रमणका घटनाका समाचार छापिएका पत्रिका र छिमेकीका व्यवहारले उनीहरूको भयलाई थप मलजल गरेको छ । सपनामा आफ्नो श्रीमान् भएको स्थान जाजरकोटमा आक्रमणपश्चात मुर्छित बनेकी कमली सपनाबाट ब्युँझिदा पनि श्रीमान्को तस्वीर काखीमा च्यापेर रोएका दृश्यले उनीहरू सपनामा मात्र नभई विपनामा पनि त्रासदीयुक्त वातावरणमा बाँच्न विवश भएको देखाइएको छ । आमाका क्रन्दनमा बुवाको अवस्थाका बारेमा छोराको प्रश्न अनि उनीहरूमा बिजारोपण भएको प्रतिशोध मानसिक आघातका नतिजा हुन् । आफू भयवित भइरहेको अवस्थामा विभिन्न सञ्चार माध्यम, चिया पसलमा हुने बहस र छिमेकीका हेराईले पनि थप शसङ्कित बनाएका छन् । कमलीले अरूसमक्ष आफ्ना पीडा देखाउन नचाहे पनि अरूले पनि विभिन्न जिज्ञासा तथा कौतुहलता राखिरहेका छन् । बालबालिकामा युद्धजन्य कुराको आघातले कस्तो असर

पार्छ भन्ने कुरामा पसले जानकार नभएका कारण रोहित प्रतिशोधी बन्दै गएको देखिन्छ । समाजका मानिसका कुरा, जिज्ञासा, छलफल तथा पत्रपत्रिकामा आउने समाचारहरूले पनि अभिघात सिर्जना गरिरहेका हुन्छन् ।

युद्धका कारण सिपाहीका परिवारमा परेको मानसिक पीडाले रोहितलाई आफ्ना बुवाका शत्रुप्रति प्रतिशोधको भावना जागृत हुनु र कमली कसैले नदेख्ने गरी बाहिर निस्कन खोज्नु अनि उनीहरूका मनमा कतिबेला के हुन्छ भन्ने आशङ्काबाट भयवित भएर बाँचिरहनुपर्ने अवस्था सिर्जना भएको छ । यस्ता मानसिक पीडालाई अभिघातका रूपमा लिइन्छ । देशलाई माया गरी देशका लागि ज्यानको बाजी लगाएका सिपाहीहरूका परिवारले युद्धबाट कुन समयमा आफन्त गुमाउनुपर्छ भनेर भयवित भइरहेको अवस्थालाई देखाइएको छ । अर्कातिर सिपाहीको मृत्युका खबरले उनीहरूका आफन्तहरूमा परेको चोट पनि देखाइएको छ । चोट सिपाहीका परिवारमा मात्र परेको छैन । सिपाही र विद्रोही (माओवादी) दुवै पक्ष हताहत हुँदा उनीहरूको परिवारमा दुःख परेको छ । यद्यपि कथकारले यस कथामा सिपाहीका स्वास्नी, परिवारजन र आफन्तजनमा युद्धका कारण परेको मानसिक आघातलाई देखाएका छन् । साथै यो कथा युद्धका कारण सिपाहीका परिवार र आफन्तजनमा परेको मानसिक आघातका दृष्टिले यो कथा उत्कृष्ट रहेको देखिन्छ । विद्रोहीका परिवारजनमा परेको आघातका बारेमा भने कथाकार मौन देखिन्छन् ।

## निष्कर्ष

द्वन्द्वको समयमा परिवारले भोग्नुपर्ने मानसिक पीडालाई  यस कथाले मुख्य विषय बनाएको छ । सिपाही र विद्रोहीका बिचमा हुने लडाइँले उनीहरूको परिवार मानसिक यातनामा पर्ने गरेको विषय यस कथामा भेटिन्छ । श्रीमान् सिपाही भएकै कारणले कमलीले विभिन्न मानसिक चोटहरू भोग्नु परेको छ । देशभित्रकै भाइभाइहरू बिचको यो लडाइँले युद्धमा होमिएका मानिसहरूका परिवारजनमा नराम्रो चोट पुगेको देखिन्छ । पत्रपत्रिकामा आउने सिपाहीको अखडामा आक्रमणका समाचार र छिमेकीका व्यवहारले पनि कमलीको मानसिक अवस्थामा रहेको भयलाई जागृत गर्ने कार्य गरेको पाइन्छ । कमली, उसका छोराछोरी, सासुससुरा र आमाबुवा युद्धले सिर्जित घटना कारण भयवित भएको अवस्था कथामा देखाइएको छ । यी सबै जनामा अभिघात सिर्जना गर्ने तत्त्व नै युद्ध हो । युद्धले प्रत्यक्ष शारीरिक आघात पुऱ्याएको त छैन तर पनि सपनामा समेत पीडायुक्त अवस्थाहरू भोग्नुपरेको यथार्थलाई कथाले प्रस्तुत गरेको छ ।

विभिन्न ठाउँमा भएका झडप र त्यसबाट हताहत भएका सिपाहीका परिवारहरू त पीडामा छन् नै । जो अलि बिकट स्थानमा आफ्नो ड्युटीमा खटिएका छन् । त्यस्ता सिपाहीका परिवारका सदस्यहरू पनि कहिले अशुभ समाचार सुन्न पर्छ कि भनेर त्रसित भएर बाँच्नु परेको छ । उनीहरूले मानसिक आघात व्यहोर्नु परेको छ । युद्धकालीन अवस्था  युद्धमा होमिएका व्यक्तिका परिवार र आफन्तजनहरू त्रासदीपूर्ण वातावरणमा बाँच्न विवश छन् । यस कथामा कमली र उसका आफन्तहरूप्रति सहानुभूति व्यक्त गरिएको छ । बुढाबुढीदेखि बालबालिकासम्म युद्धका कारण त्रसित रहेको पाइएको छ । विद्रोही पक्षको आक्रमणबाट पीडित भएका पात्रहरूप्रति सहानुभूति प्रकट गरिएको छ । प्रस्तुत कथामा विद्रोही पक्षतिर भएको हताहत र त्यसको परिणामले निम्त्याएको आघात कथाले छोएको छैन । अभिघात साहित्यले पाठकमा नैतिकताको भावना तथा संवेदना गराउनुपर्ने मान्यता हुन्छ । यस कथामा कमली र उसका आफन्तहरूले भोगेको मानसिक पीडा, भय र आशङ्काका कारण उनीहरूप्रति पाठकहरूले पक्कै पनि सहानुभूति व्यक्त गर्छन् । युद्धका कारण हुन सक्ने दुष्परिणामका कारण कमली जाजरकोटमा हमला भएको सपना देख्छिन् । उनलाई युद्धको भयले दवाब सिर्जना गरेको छ ।

देशको रक्षाका लागि खटिएका सिपाहीहरू दुर्गममा हुँदा सहजै सरुवा हुने अवस्था नभएको र छरछिमेकका वचन र व्यवहारले सिपाहीका परिवारजनमा थप आशङ्का एवम् भय निम्त्याएको देखाइएको छ । यस्ता अभिघातहरू कथन वा लेखनका माध्यमबाट अभिव्यक्त गर्नु भनको त्यसबाट उम्कने प्रयास गर्नु हो तर कमली आफ्नो मनको पीडा र भयलाई भित्रै गुम्साएर राखेकी छिन् ।  यो कथा युद्धले निम्त्याएका मानसिक

अभिघातका चित्रणका लागि सान्दर्भिक छ । यस्ता अभिघातहरूले समाजलाई अग्रगतिमा जान दिँदैनन्, व्यक्तिको विकासलाई रोक्छन्, प्रताडन दिन्छन्, कतिपयले मृत्युवरण समेत गर्ने हुनाले यिनको निराकरण आवश्यक छ । देशभित्र हुने विभिन्न खालका द्वन्द्वको अन्त्य र सामाजिक सद्भावका माध्यमबाट मानिसमा भएका अभिघातहरू हटाउन सकिन्छ । यस्ता अभिघातहरू हटे भने मात्र समुन्न समाज निर्माण हुने भएकाले अभिघातलाई हटाउनका लागि सबै सचेत रहनुपर्छ ।

## सन्दर्भ सामग्रीहरू


घर्ती, दुर्गाबहादुर (अप्रिल ९ ,२०२०). *विजय मल्लमा कवितामा अभिघात,* विचारपथ । https://durgagharti.blogspot.com/search/?q=%E0%A4%85%E0%A4%AD%E0%A4%BF%E0%A4%98%E0%A4%BE%E0%A4%A4.

ढुङ्गाना, शोभाकुमारी (२०२१). ललित विष्टको 'बेखबर मृत्यु' कथामा अभिघातको खोजी. *कग्निसन,* ३(१), २३२-२४२. https://doi.org/10.3126/cognition.v3i1.55692

ढकाल, रजनी (२०७९). हिटलर यहुदी उपन्यासमा युद्ध अभिघात. *प्रज्ञा,* अङ्क १२३ (१), पृ. १६६-१७७ । https://doi.org/10.3126/prajna.v123i1.50276.

ढकाल, रजनी (२०२३). शिरीषको फूल उपन्यासमा युद्धअभिघात. *कलादर्पण,* ३(१), १५-२४ । https://doi.org/10.3126/cognition.v3i1.55692

दहाल, अर्जुनप्रसाद, ( २०७५). *मोदिआइन उपन्यासमा अभिघात.* (अप्रकाशित शोधपत्र), नेपाली भाषा केन्द्रीय विभाग, त्रि.वि. ।

भट्टराई, टङ्कप्रसाद (२०७८). 'गाउँमा गीतहरू गुन्जिदैन कथामा अभिघात. *प्रज्ञान,* ६(१), १-८ । https://doi.org/10.3126/pragyan.v6i1.54690

भट्टराई, केशव (२४ माघ २०७७). अभिघात सिद्धान्तको प्रयोगमा अब्बल 'यमपुरीको महल' उपन्यास. चितवन पोस्ट । https://echitwanpost.com/127859/2021020610/26/04/

न्यौपाने, नरेन्द्र (२०२१). द्वन्द्व र युद्धका कथा सङ्ग्रहमा अभिघात. *कग्निसन* ३(१), १५९-१६६. https://doi.org/10.3126/cognition.v3i1.55672

पोखेल, ठाकुरप्रसाद (२०७९). स्मृतिको पर्खालभित्र नाटकमा अभिघात. *अध्ययन जर्नल,* अङ्क ९ ।

गिरी, शान्तिमाया (२०७५). *आधुनिक नेपाली कथामा अभिघात.* शब्दार्थ प्रकाशन : काठमाडौँ नेपाल ।

शाह, महेशविक्रम, (वि.सं. २०५९). *सिपाहीकी स्वास्नी.* फाइनप्रिन्ट प्रकाशन काठमाडौँ ।